त्रिभुवन विश्वविद्यालय
व्यवस्थापन संकाय
(परीक्षा नियन्त्रण महाशाखा)

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल।

Faculty of Management
Office of the Dean
Kirtipur

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-४३३५९८७ (परीक्षा)
०१-४३३६६०६ (परीक्षा), ०१-५९०७९२७ (थेसिस)
E-mail : fomdean@gmail.com, info@fom.tu.edu.np
: exam.mgmt.tu@gmail.com, mgmtdean.exam@gmail.com
Website : www.fomecd.edu.np, www.tudoms.org

मितिः- २०८२ । ०१ । २३

## विषेश मौका परीक्षाको परीक्षा फाराम भर्ने सूचना

त्रि. वि. व्यवस्थापन संकायबाट सेमेष्टर प्रणालीमा स्नातक तहमा संचालित Bachelor of Business Administration (BBA), Bachelor of Information Management (BIM), Bachelor of Business Management (BBM), Bachelor of Public Administration (BPA), Bachelor of Mountaineering Studies (BMS), Bachelor of Hotel Management (BHM), Bachelor of Business Administration - Finance (BBA-F) र Bachelor of Travel and Tourism Management (BTTM) कार्यक्रम, स्नातकोत्तर तहमा संचालित Master of Business Studies (MBS), Master of Public Administration (MPA), Master of Hospitality Management (MHM), Master of Travel and Tourism Management (MTTM), Master of Business Management (MBM), Master of Adventure Tourism Studies (MATS), Master of Business Administration (MBA), Master of Business Administration in Global Leadership and Management (MBA in GLM) र Master of Business Administration in Information Technology (MBA IT) कार्यक्रमहरुमा **पाठ्यक्रमले निर्धारण गरेको अधिकतम समयसीमा (दुई बर्षे कार्यक्रमको पाँच बर्ष, तीन बर्षे कार्यक्रमको छ वर्ष र चार बर्षे कार्यक्रमको सात बर्ष) सन् २०२४ सम्ममा समाप्त भएका / कटेका** सम्पूर्ण परीक्षार्थीहरुको (जुनसुकैसत्रको) **विषेश मौका परीक्षा** आगामी २०८२ सालको श्रावण महिनामा संचालन हुने भएकोले उल्लेखित कार्यक्रमहरुमा आफू सम्मिलित हुन चाहेको सत्रहरुको विषयहरु स्पष्ट उल्लेखगरि परीक्षार्थी स्वयंले क्याम्पस कलेजमा उपस्थितभै परीक्षा फारम भरि तपशिल बमोजिमको परीक्षा कागजात र शुल्क सहित सम्बन्धित क्याम्पस/कलेजमा मिति २०८२ । ०२ । २० गते भित्र परीक्षा फारम बुझाउनुहुन अनुरोध छ । साथै सम्बन्धित क्याम्पस / कलेजले सो परीक्षा फाराम मिति २०८२ । ०२ । २६ गते भित्र सेमेष्टर अनुसारको छुट्टाछुट्टै फाईलमा भर्ना व्याच छुट्याई परीक्षा रोल क्रमानुसार मिलाई एवं विषय रुजुगरी आवश्यक शूल्क र यस परीक्षा नियन्त्रण महाशाखाको Website: fomecd.edu.np मा उपलब्ध गराईएको नमुना बमोजिमको समष्टिगत विद्यार्थी विवरण फारम समेत अनिवार्य रुपमा भरी यस महाशाखामा बुझाउनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त समष्टिगत विद्यार्थी विवरण को electronic copy यस महाशाखाको email id: mgmtdean.exam@gmail.com मा समेत अनिवार्यरुपमा उपलब्ध गराउनुपर्ने छ ।

तपशिल

उल्लेखित स्नातक तहका सम्पूर्ण कार्यक्रमको परीक्षा फाराम शुल्क

प्रति परीक्षार्थी प्रति सत्र : रु ३,०००।-

Assistant Dean

क्रमशः

त्रिभुवन विश्वविद्यालय
व्यवस्थापन संकाय
(परीक्षा नियन्त्रण महाशाखा)

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

Faculty of Management
Office of the Dean
Kirtipur

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-४३३५९८७ (परीक्षा)
०१-४३३६६०६ (परीक्षा), ०१-५९०७९२७ (थेसिस)
E-mail : fomdean@gmail.com, info@fom.tu.edu.np
: exam.mgmt.tu@gmail.com, mgmtdean.exam@gmail.com
Website : www.fomecd.edu.np, www.tudoms.org

उल्लेखित स्नातकोत्तर तहका MBS / MPA कार्यक्रमको परीक्षा फाराम शुल्क

प्रति परीक्षार्थी प्रति सत्र : रु १,५००।-

उल्लेखित स्नातकोत्तर तहका MBS / MPA बाहेकाका सम्पूर्ण कार्यक्रमको परीक्षा फाराम शुल्क

प्रति परीक्षार्थी प्रति सत्र : रु ३,५००।-

**विलम्ब शूल्क :** मिति २०८२ । ०२ । २१ देखि २०८२ । ०२ । २६ गतेसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रति सत्र रु २,५००।- का दरले विलम्ब शूल्क सहित परीक्षा फाराम बुझाउन सकिने ।

म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको विस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ ।

*नोट:*

*(क) नियमित (अनुर्तिण वा अनुपस्थित विषय खुल्ने) परीक्षा को Grade Sheet को प्रतिलिपी अनिवार्य रुपमा फाराम संगै सलग्न गरी पठाउनुपर्ने छ अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।*

*(ख) परीक्षा फाराम यस संकायको परीक्षा नियन्त्रण महाशाखाबाट उपलब्ध हुनेछ ।*

*(ग) परीक्षाशुल्क व्यवस्थापन संकाय, त्रि. वि. कीर्तिपुरको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-०००९१०६६००००१ मा जम्मा गरी सोको सक्कल भैचर (कार्यक्रम अनुसारको छुट्टाछुटै भौचर) परीक्षा फाराम संगै संलग्न हुनुपर्नेछ ।*

*(घ) परीक्षार्थीले आफु अध्ययन गरेको पाठ्यक्रम अनुरुपको परीक्षा फाराममा आफु सम्मिलित हुन चाहेको सत्रहरुमा विषयहरु स्पष्ट उल्लेख गरी, परीक्षा रोल नं., Specialization / Elective विषयहरुको हकमा विषय कोड समेत स्पष्ट उल्लेख गरि परीक्षार्थी स्वयंले क्याम्पस / कलेजमा उपस्थित भई परीक्षा फाराम भर्नु पर्नेछ । पछि फरक परेमा परीक्षार्थी स्वयं जिम्मेवार हुनुपर्नेछ । एक पटक भरेर बुझाएको परीक्षा फाराम संशोधन हुने छैन ।*

डा. श्रीकृष्ण खरेल
सहायक डीन

CamScanner